# तिलोत्तमा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड १) तिलोत्तमा, माघ महिना १९ गते २०७४ साल (अतिरिक्ताङ्क २०**


**भाग : १**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७४ सालको ऐन नं. ९
### ऐनको नाम : आर्थिक ऐन (पहिलो संशोधन) २०७४

यस नगरपालिकाको आ.व. २०७४/०७५ को लागि आर्थिक ऐनमा केही संशोधन गर्न आवश्यक देखिएकोले तिलोत्तमा नगरपालिकाको नगरसभावाट आ.व. २०७४/०७५ को लागि यो संशोधन ऐन जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

क. यस ऐनको नाम तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन (पहिलो संशोधन) २०७४ रहेको छ ।

ख. यो ऐन स्वीकृत हुनासाथ तुरुन्त लागू हुनेछ ।

२. **ऐनको अनुसुची ८ को बुदा नम्वर २ मा निम्न शब्दहरु थपिएका छन् ।**

(ट) जरिवाना:- यस नगरपालिकाको क्षेत्र भित्रको खोला तथा नदीहरुवाट माटो, भस्कट, गिट्टी, वालुवा, ढुङ्गा जस्ता नदीजन्य पदार्थ अवैध रुपमा ओसार-पसार गर्ने सवारी साधनहरुलाई ओसार-पसार गरेको नदीजन्य पदार्थ जफत गरी तपसिल वमोजिमको दण्ड जरिवाना लगाईने छ ।

१. ट्याक्टरको हकमा २५,०००।-
२. टिप्परको हकमा ५०,०००।-
३. जे.सी.वि./ लोडर/एक्साभेटर को हकमा १,००,०००।-
४. उपरोक्त अनुसारको कसुर पुन गरेमा दोब्बर जरिवाना लगाईने छ ।
५. अवैध रुपमा नदीजन्य पदार्थ ओसार पसार गरेको अवस्थामा पकाउ गरी नगरपालिकामा ल्याउने व्यक्ति वा सुरक्षाकर्मीलाई जरिवाना रकमको २५ प्रतिशतले हुन आउने रकम प्रोत्साहन भत्ता उपलब्ध गराईने छ । एक भन्दा बढि व्यक्तिको संलग्नता भएमा दामासाहीले दिईनेछ ।

(ठ) व्यक्तिगत दर्तावाला जग्गाबाट माटो उत्खनन गरी बिक्री बितरण गर्न चाहेमा चौकिल्ला प्रमाणीत गरी एकमुष्ठ प्रतिवर्ग फुट पचास पैसा राजश्व बुझाई अनुमति लिई ओसार पसार गर्न दिइनेछ । एकमुष्ठ नभै पटक पटक ओसार गर्दा पटके कुपन जारी गर्नु पर्ने भएमा खटिएको कर्मचारीलाई अशुल रकमको २५ प्रतिशतले हुने रकम पारिश्रमिक उपलब्ध गराईनेछ ।

**३. अनुसूची- ८ को वुदाँ नं. ९ पछि निम्न शब्द थप गरिएको छ :-**

(क) नगरपालिकालाई नियम अनुसार बुझाउन पर्ने रकम सम्वन्धित आ.व.मा नवुझाउने व्यक्ति, संस्था, निर्माण व्यवसायी, परार्मश दातालाई नियम अनुसार बुझाउने रकममा बुझाउनको लागि ०७४ चैत्र मसान्त सम्मको म्याद दिई सूचना जारी गर्ने र सो समय भित्र व्यवसायीक कर नबुझाएमा तपशिल वमोजिमको विलम्व दस्तुर लागाईने छ ।

(१) एक आर्थिक बर्ष ब्यतीत भईसकको अवस्थामा लाग्ने दस्तुरमा ५० प्रतिशत थप विलम्व दस्तुर लाग्ने छ ।
(२) दुई आर्थिक बर्ष ब्यतीत भईसकको अवस्थामा लाग्ने दस्तुरमा ७५ प्रतिशत थप विलम्व दस्तुर लाग्ने छ ।
(३) दुई आर्थिक बर्ष भन्दा वढी ब्यतीत भईसकको अवस्थामा लाग्ने दस्तुरमा १०० प्रतिशत थप विलम्व दस्तुर लाग्ने छ ।

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०७४/१०/११**

**(कृष्णप्रसाद सापकोटा)**
**प्रमुख प्रशासकीय अधिकृत**